निर्णयहरु :

१) **सप्ताहव्यापी सफा मर्स्याङ्दी अभियान निम्नानुसारको कार्यतालिकामा गर्ने निर्णय गरियो ।**

- मिति २०७५ पुस ८ गते देखि पुस १४ गते सम्म ।
  - ➢ फोहोरमैला संकलन् केन्द्र उद्घाटन  मिति : २०७५ पुस ८ गते, विहान ११:०० बजे ।
  - ❖ सरसफाई अभियान : विहान ८:०० बजे ।
  - ➢ मिति २०७५ पुस ९ गते - भुलभुले वारी पारी, बुद्धबजार, छहरेखोला
  - ➢ मिति २०७५ पुस १० गते - नन्देश्वारा, बालुवा, ङादी, दोभानचौर
  - ➢ मिति २०७५ पुस ११ गते - खुदी (तल्लो माथील्लो), बगैचा, पूर्वेली टोल
  - ➢ मिति २०७५ पुस १२ गते - बाहुनडाँडा
  - ➢ मिति २०७५ पुस १३ गते - घेर्मु
  - ➢ मिति २०७५ पुस १३ गते - रामबजार, स्याङ्गे, जगत, च्याम्चे
  - ➢ मिति २०७५ पुस १४ गते - आ-आफ्नो संघ संस्थाहरु । (विद्यालय, सहकारी, स्वास्थ्य चौकी लगायत सवै संघ संस्थाहरुको कार्यालय)
  - ➢ यस बाहेक गाउँपालिकाका अन्य क्षेत्रहरुमा वडा अध्यक्ष ज्यूहरुको सकृयतामा विभिन्न टोल वस्तिहरुमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने ।
  - ➢ अभियानमा सहभागीको निम्ति महिला सञ्जाल, यूवा, शिक्षक, कर्मचारी, प्रहरी, व्यवसायी, नागरिक समाज सवैलाई आव्हान गर्ने ।
  - ➢ सचेतनामूलक कार्यक्रमहरु/पर्चा वितरण/ जानकारी आदी गर्ने ।
  - ➢ हरेक महिनाको एकदिनको २ घन्टा सफा मर्स्याङ्दी अभियानमा सहभागी हुने । कार्यक्रम हरेक वडा टोल, बस्तिहरुमा आ-आफ्नो तरिकाबाट तय गर्ने ।
- **फोहोरमैला संकलन केन्द्र उद्घाटन निम्नानुसारले गर्ने निर्णय गरियो ।**
  - ✓ प्रमुख अतिथि - गण्डकी प्रदेश सभा सदस्य श्री धनञ्जय दवाडी
  - ✓ विशेष अतिथि - प्रमुख वा प्रतिनिधि, सिनो हाईड्रो सगरमाथा पावर कम्पनी प्रा.लि.
  - ✓ स्थान : आयोजना स्थल, मर्स्याङ्दी - ८, हामखोला नजिक बगर
  - ✓ सहभागिता - जनप्रतिनिधिहरु सवै, गाउँपालिका स्तरिय सम्पूर्ण संघ संस्थाहरुको प्रमुख सवै, वडाहरुमा कृयाशिल सामाजिक संघ संस्थाहरुको प्रमुखहरु सवै, बगैचा, खुदी, भुलभुले, ङादी करीडोर सम्मका सम्भाव्य स्थानिय बासीन्दाहरु ।
  - ✓ आमन्त्रण गर्ने जिम्मेवारी - गाउँपालिका स्तरिय संघ संस्थाहरु - गाउँपालिका, अन्य सवैलाई तत्तत् वडा कार्यलयहरु ।
- **सरसफाई  अभियान कार्यक्रम निम्नानुसारले गर्ने निर्णय गरियो ।**
  - ✓ तत्तत् क्षेत्रमा हुने कार्यक्रममा सहभागिताको लागि सम्बन्धित क्षेत्रका शिक्षक, कर्मचारी, सामाजिक अगुवाहरु, व्यापारी, यूवा, महिला, संघ संस्थाहरुको प्रतिनिधि सवैलाई वडा कार्यलयको तर्फबाट आव्हान गर्ने ।
  - ✓ पर्चा, व्यानर, माईकिङ, सचेतनामुलक कार्यक्रम, अभिमुखिकरण आदी गर्ने ।
  - ✓ औजारहरु, हयान्ड ग्लोव, मास्कको व्यवस्था गर्ने ।
  - ✓ संकलित फोहोरमैला टयाक्टर द्धारा फोहोरमैला संकलन केन्द्रमा लैजाने ।

२) बृद्धा सम्मान कार्यक्रममा रु ७ लाख वजेट विनियोजन भएकोमा गाउँपालिका भरका ८० वर्ष पूरा भएका ३९३ जनालाई न्यानो कपडा ( फाईबर सिरक ) वितरण गर्ने निर्णय गरियो । उक्त सामग्री वितरण गर्ने कार्यक्रम २०७५ पौष १५ गते एकै दिन ९ वटै वडाहरुमा वडा कार्यालय मार्फत गर्ने निर्णय गरियो ।

३) अपाङ्ग सम्मान कार्यक्रमको बारेमा सेतो र पहेलो कार्ड प्राप्त गरेका अपाङ्गहरुलाई स्वरोजगारको निम्ति निवेदन संकलन गर्ने र अगामी बैठकमा छलफल गरी कार्यक्रम निर्धारण गर्ने निर्णय गर्ने ।

४) मर्स्याङ्दी कप आयोजनाका बारेमा शिक्षा समिति र प्र.अ.हरुको बैठक राखी आवश्यक छलफल गरी आयोजना गर्ने निर्णय गरियो ।

५) आ.व. ०७५/०७६ को दोस्रो गाउँ सभा मिति : २०७५ पुस २७ गते, गा.पा.को सभाहलमा विहानको ठिक ११:०० बजे बोलाउने निर्णय गरियो ।

६) ग्रामीण तालिम केन्द्र द्वारा सञ्चालन गर्ने तालिममा यस गाउँपालिकाको लागि निम्न तालिमहरु सञ्चालनको लागि माग गरि पठाउने निर्णय गरियो ।

- घरेलु हस्तकला सम्बन्धि तालिम (बाँस, बेद, निगालोबाट बन्ने सामाग्रीहरु)
- प्लम्बिङ तालिम
- कार्पेन्टर तालिम
- कुकिङ तालिम
- मौरी पालन तालिम
- च्याऊ खेति तालिम
- कुखुरा पालन तालिम
- बाखा पालन तालिम

७) मर्स्याङ्दी ९ को डि.पि.आर भएको २ वटा सडकहरु, मर्स्याङ्दी ५ र ६ लाई जोड्ने सितलडाँडा - बाहुनडाँडा- घेर्मु सडक, मिप्रा, स्याङगे, गोर्सलडाँडा, ठनडाँडा एक घर एक धारा खानेपानी योजना, मर्स्याङ्दी - ८ को भुलभुले भुस्मे हुँदै बराहपोखरी पदमार्ग सम्बन्धित मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

८) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी समायोजन शाखाको च.न. २५ मिति २०७५/०८/२४ को पत्रानुसार साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई कार्यपालिकाबाट निर्णय गराई समायोजन पत्र दिने भनी परिपत्र भएकोमा यस गाउँपालिका वडा नं. ९ मा हाल वडा सचिवको रुपमा कार्यरत खरिदार श्री यम बहादुर गुरुङको स्थायी नियूक्ति पत्रको सक्कल प्रति रुजु गरी यस गाउँपालिकाको वडा कार्यालयको स्वीकृत दरवन्दी अनुसार वडा कार्यालयमा रिक्त रहेको प्रशासन सेवा, सहायक चौथो ( वडा सचिव ) तहमा समायोजन गर्ने निर्णय गरियो ।

९)गाउँपालिकालाई आवश्यक पर्दा निशूल्क उपलब्ध गराउने गरी हिमालचुली यूवा क्लवलाई २०० कुर्ची हस्तान्तरण गर्ने निर्णय गरियो ।

१०) वडा नं. ६ को नयाँ ज्योति प्रा. वि. भवन मर्मत योजनाको नाम टाईपिङ्मा त्रुटी भई जन ज्योति प्रा. वि. भवन मर्मत हुन गएकोले सोको नाम संसोधन गरी नयाँ ज्योति प्रा. वि. भवन मर्मत बनाउने निर्णय गरियो ।

११) मर्स्याङ्दी - ८, कुवापानी निवासी अर्जुन गुरुङको निवेदन अनुसार 'घ' वर्गको लाईसेन्स उपलब्ध गराउनका लागि आवश्यक कागजात सहित पेश गरेकोले निजलाई 'घ' वर्गको लाईसेन्स उपलब्ध गराउने निर्णय गरियो ।

१२) साविक ७ वटा गा.वि.स. कार्यालयको मालपोत ढड्डा उतार गर्न मालपोत कार्यालय, लमजुङ्का कर्मचारीलाई विहान वेलुकाको समयमा काम लगाईएकोले उक्त कार्यका लागि लागेको पारिश्रमिक बापतको रु.८२,५००।- पारीश्रमीक कर कट्टा गरी उपलब्ध गराउने निर्णय गरियो ।

१३) शान्ति द्धिप यूवा क्लव, मर्स्याङ्दी - ६, दिङदिङलाई फूटवल प्रतियोगिता सञ्चालनका लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१४) पध्म छोयलिङ गोन्पा, मर्स्याङ्दी - ७, लाई गुम्बामा हुन गईरहेको विशेष पूजाका लागि विभिन्न धार्मिक ,सांस्कृतिक साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु २५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१५) सामाजिक सुरक्षा कार्यविधिको दफा ९ (२) मा व्यवस्था भएको व्यवस्थालाई तत्काल कार्यान्वयन नगर्नका लागि पत्रिपत्र भएकोले यस गाउँपालिकाबाट यस अघि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ का अनुसार लगत कट्टा भएका लाभग्राहीहरुको कट्टा भएको लगत कायम गर्ने निर्णय गरियो ।

१६) यस गाउँपालिका कार्यालयको तल्लो तल्लाको रंगरोगन गर्ने काम स्टीमेट अनुसार अमानतबाट गर्ने निर्णय गरियो ।

१७) मर्स्याङ्दी नदीको विभिन्न स्थानहरुमा गिट्टि, वालुवा उत्खनन तथा जम्मा गर्नका लागि वातावरणिय प्रभाव मूल्यांकन गरि सिलवन्दी दरभाउपत्रद्धारा बिक्रिका लागि आब्हान गरिएकोमा हाल नदीमा कम मात्र गिट्टि, वालुवा भएकोले कुनै पनि स्थानको दरभाउपत्र बिक्रि नभएकोले अर्को व्यवस्था वा निर्णय नहुँदा सम्म यस अघि गाउँ कार्यपालिकाले गरेको निर्णय अनुसार नै गर्ने निर्णय गरियो ।